# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

नगर कार्यपालिका बैठक

बैठक संख्या १०/०७६/०७७

आज मिति २०७६ फाल्गुन १ गते बिहान ९:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | नगर उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडा अध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री मेघनाथ राई | का.वा. वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २४. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २५. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २६. | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३१. | श्री रत्न बहादुर कटुवाल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३२. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

<u>बैठकमा छलफल र निर्णय भएका विषयहरुः-</u>

मिति २०७६।१०।२९ को बैठकको निरन्तरता

**१. छैटौ नगर सभामा संशोधनकालागि कार्यक्रम तथा वजेट पेश गर्ने सम्बन्धमा :-**

२०७६ साल फागुन २ र ३ गते सुनसरी उध्योग बाणिज्य संघको सभाहलमा हुने छैटौं नगर सभामा चालु आर्थिक वर्षकालागि स्वीकृत भएका नगर तहका कार्यक्रमहरू तथा वजेट विभिन्न कारणले कार्यान्वयन हुन नसक्ने र कुनै अति आबस्यकभै संशोधनकालागि पेश भएको प्रस्तावमाथि छलफल गरियो । छलफल पश्चात संशोधन सहित स्वीकृत गरी अनुमोदनकालागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**२. सामाजिक विकास महाशाखा अन्तर्गतका कार्यक्रम संचालन कार्यविधी सम्बन्धमा :-**

यस उप महानगरपालिकाको सामाजिक विकास महाशाखा अन्तर्गत यस आ. ब. कालागि स्वीकृत भएका कार्यक्रमहरू संचालनकालागि पेश भएको कार्यक्रम संचालन कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो ।

**३. कर्मचारी सेवा सम्बन्धी ऐन सम्बन्धमा :-**

धरान उप महानगरपालिकामा साविक देखि कार्यरत स्थानीय तह तर्फका कर्मचारीहरूको लामो समयदेखि बृत्ति विकास रोकिएकाले सोकालागि कर्मचारी सेवा सम्बन्धी ऐनको मस्यौदा तयार भै विधान मस्यौदा समितिवाट सिफारिस भइ पेश भएको धरान उप महानगरपालिकाको कर्मचारी सेवाको गठन, संचालन र शर्तहरूको व्यबस्थापन गर्न वनेको मस्यौदा विधेयकमाथि छलफल गरियो । छलफल पश्चात तपशिलका संशोधन सहित स्वीकृत गरी अनुमोदनकालागि नगर शभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल

- दफा ९ को १५ मा यो ऐन प्रारम्भ भएपछि भन्ने पछि एक पटककालागि कानून बमोजिम निर्धारीत प्रकृया पूरा गरी स्थायी गर्न सक्ने छ भन्ने बाक्यांश राख्ने ।
- दफा ३६ को बढुवा सम्बन्धी विषेश व्यबस्थामा बढुवाकालागि चाहिने समयाबधीमा ५ वर्षको सट्टामा ३ बर्ष कायम गर्ने

**४) रोजगार संयोजक छनौटकालागि छनौट समितिको संयोजक र सदस्यको मनोनयन सम्बन्धमा :-**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमकालागि यस उप महानगरपालिकाकालागि रोजगार संयोजक छनौट गर्न नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयवाट तयार गरी पठाएको रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को ६ नं. अनुसार रोजगार संयोजक छनौट समितिको संयोजक र सदस्य तपशिल अनुसार मनोनित गर्ने निर्णय गरियो ।

(क) नगरकार्यपालिकाले तोकेको संयोजकमा धरान १८ निवासी पूर्व उप सचिव झुमप्रसाद राई र

(ख) नगरकार्यपालिकाले तोकेको सम्बन्धीत विषयको विज्ञको रूपमा धरान ९ निवासी पूर्व प्र.अ. गोकुल प्रसाद श्रेष्ठलाई तोक्ने निर्णय गरियो ।

५) विविध विषय सम्बन्धमा :-

(क) फैसला कार्यान्वयनमा सहयोग गर्ने सम्बन्धमा

सुनसरी जिल्ला अदालतको मिति २०७६।०८।०३ को पत्रवाट अदालतको फैसला कार्यान्वयनलाइ प्रभाबकारी बनाउन अदालतवाट दण्ड जरिवाना लागेका व्यक्तिहरूलाइ सरकारी सेवा प्रवाहमा बन्देज लगाउन अनुरोध भै आएकाले त्यस्ता व्यक्तिहरूको सेवा सुविधा रोक्का राखी फैसला कार्यान्वयनमा सहयोग गर्ने निर्णय गरियो ।

(ख) पेश्की फस्यौंटका लागि सिफारिस गर्ने सम्बन्धमा

यस उपमहानगरपालेका वडा नं. १० का पूर्व वडाध्यक्ष योगेन्द्र कुमार लिम्बूले खहरे नियन्त्रण गर्न, विरूवा उत्पादन गर्न तथा सप्तरंगी पार्कमा सालिक निर्माण गर्न लगायतका काम गर्न पेश्की लिएकोमा हालसम्म पेश्की फस्यौंट नभएकोहुदा वाँहाको परिवारवाट पेश्की फस्यौंटकालागि निवेदनपरी सार्वजनिक लेखा समितिले पेश्कीलिइ गरेका कामहरूको अनुगमन तथा प्राविधिक मूल्याङकन समेत गरी पेश्की रकम वरावरको काम सम्पन्न भएको साथै पेश्कि लिने व्यक्तिको मृत्यु समेत भै सकेकाले निजको नाममा हाल सम्म बांकी रहेको पेश्की रू ५८२६२४। पांच लाख बयासी हजार छ सय चौविस मात्र फस्यौंट सिफारिस गरेकाले उक्त पेश्कि फस्यौंट गर्न निर्णय हुन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

(ग) सडक मर्मत गर्ने सम्बन्धमा

यस उपमहानगरपालिकाका विभिन्न वडाहरूमा रहेका सडकहरू भत्किएर आवागमनमा समस्या भै रहेको साथै समयमानै मर्मत हुन समेत नसकेको हुदा नगर कार्यपालिकावाटै बार्षिक रूपमा प्रतिइकाइ परिणामको आधारमा पटके रूपमा एक वा दुइ वर्ष सम्म काम गर्नेगरि वोलपत्र वा दरभाउपत्र आह्वानगरी त्रैमासिक वा चौमासिक रूपमा मर्मतको काम गर्ने निर्णय गरियो ।

आजको बैठक ११.३० मा समाप्त भयो ।